# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०२/११

चुरे गाउँपालिका/ जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, कैलाली अन्तरगत चुरे गाउँपालिकामा सञ्चालित तपसीलका खानेपानी तथा सरसफाइ, बहुउपयोगी र विद्यालय शौचालय निर्माण योजनाहरुका लागि परियोजनाको खरिद निर्देशिका बमोजिम योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरु, पाइपहरु, फिटीङ्गस् तथा औजारहरु खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, दरभाउपत्र साथ उपलव्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरुः**

१) विभिन्न आवश्यक निर्माण सामग्री, पाइपहरु, फिटीङ्गस् तथा औजारहरु सप्लाई सम्बन्धी दरभाउपत्र फारम प्रति फाराम रु. ३००० अक्षरेपी रु. तिन हजार मात्र (पछि फिर्ता नहुने गरी) चुरे गाउँपालिकाको लक्ष्मी सनराइज बैक सहजपुर चुरे कैलाली शाखामा रहेको खाता नं. ०८२०५२९९६३७०३००६( आन्तरिक राजस्व खाता) मा जम्मा गरी लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र निवेदन साथ संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले पन्ध्रौ दिनको कार्यालय समय भित्र चुरे गाउँपालिकाको कार्यालय वाट खरिद गर्न सकिने छ ।

२) खरिद गरिएको दरभाउपत्र फारामहरु रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौं) दिनको दिउसो १२:०० बजे भित्र फाराम खरिद गरिएको कार्यालयमा दर्ता गराउनु पर्नेछ । साथै दरभाउ पत्र खरिद गरेको सक्कलै बैंक जम्मा भौचर सहित दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित उपभोक्ता संस्था/समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्गस् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ ।

३) सिलवन्दी दरभाउ पत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौ) दिनको दिउसो १२:०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४) सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिहरुले चुरे गाउँपलिकामा रहेको उपभोक्ता समितिहरुको गोदाममा ढुवानी भै चेकजाँच भएपछि मात्र गर्नेछन । तसर्थ दरभाउपत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन ।

५) उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु संकलन गरी मिति २०८२/२/२६ गते चुरे गाँउपालिकाको कार्यालय घरखेडामा दिनको १ बजे उपभोक्ता संस्था/समितिका खरिद समितिका प्रतिनिधिहरु, गाउँपालिका कार्यालयका प्रतिनिधिहरु, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

६) दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ ।

७) दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

८) म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

९) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ ।

१०) अन्य शर्तहरु परियोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ । थप शर्तहरु दरभाउपत्र साथै संलग्न गरिएको छ ।

११) यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना चुरे गाउँपालिकाको सूचना पाटीमा टाँस तथा वेबसाइटमा राखिनेछ ।

१२) अन्य थप जानकारी चाहिएमा चुरे गाउँपालिका/ वास इकाई (९८४८८५२८७७, ९८४८४३१५३१, ९८६३३५६८८७) मा सम्पर्क गर्न सकिनेछ ।

**तपसील**

१) वालुवागडा खानेपानी तथा सरसफाई योजना उपभोक्ता संस्था, चुरे – ४ कैलाली (समुह क)

२) घरखेडा खानेपानी तथा सरसफाई योजना उपभोक्ता संस्था ,चुरे – १ कैलाली (समुह ख)

३) चौरपानी खानेपानी तथा सरसफाई योजना उपभोक्ता संस्था, चुरे –३, कैलाली (समुह ख)

४) कोट बहुउपयोगी खानेपानी तथा सरसफाई योजना उपभोक्ता संस्था, चुरे –६, कैलाली (समुह ख)

५) जनता मा वि विद्यालय शौचालय निर्माण उपभोक्ता समिति, चुरे – ६, कैलली (समुह ख)

६) शुक्र मा वि विद्यालय शौचालय निर्माण उपभोक्ता समिति, चुरे – ५, कैलली (समुह ख)

**संयुक्त खरिद समिति**

CamScanner